परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष १२ ❑ अंक १६ २०८० मंसिर १० गते आईतवार Sunday 26, NOV 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## सरकारी छाप किर्ते गरेको आरोपमा पाँच पक्राउ

विराटनगर । सरकारी छाप किर्ते मुद्दामा मोरङको रतुवामाइ नगरपालिकाबाट प्रहरीले पाँच जनालाई पक्राउ गरेको छ ।

रतुवामाई नगरपालिका वडा नं.३ का वडा अध्यक्ष वर्ष ५५ का देविलाल ताजपुरियाको हस्ताक्षर र छाप किर्ते गरी सिफारिस लिएको आरोपमा प्रहरीले पाँच जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा रतुवामाई ४ बस्ने वर्ष ६५ का चेतनलाल राजवंशी, वर्ष ६२ का झरिया देवि राजवंशी, ६३ वर्षाका विष्णु राजवंशी, ६३ वर्षको पैखन लाल राजवंशी र वर्ष ६४ का कन्हारु लाल केवरत रहेको मोरङ प्रहरीका प्रवक्ता डिएसपी रन्जन कुमार दाहालले जानकारी दिए ।



उनीहरुले कार्तिक २ गते जग्गा बिक्रीको लागि वडाबाट सिफासिर लिनको लागि किर्ते हस्ताक्षर र सरकारी छाप दुरुपयोग गरि नक्कली बनाएको आरोप छ । 'जग्गा पास गराउन रंगेलीको मालपोत कार्यालय गएका रहेछन् । वडाले दिएको सिफारिसमा अध्यक्षको जस्तै सही किर्ते लागेपछि मालपोतलाई शंका लागेपछि प्रहरीलाई खबर गरेको थियो । वडाअध्यक्षलाई बोलाएर चलानी नम्बर पनि रेकट नभएको पत्र बनाएर किर्ते कागजपत्र ल्याएको पत्ता लागेको थियो । त्यसपछि वडा अध्यक्षले दिएको जाहेरीको आधारमा उनीहरुलाई पक्राउ गरिएको हो ।

जाहेरी परेपछि कार्तिक १६ गते मोरङ जिल्ला अदालतबाट पक्राउ अनुमति लिई खोजतलास कार्य भई रहेकोमा मंगलर ९ गते रतुवामाई नगरपालिका वडा नं.४ झुर्कियाबाट पक्राउ गरि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## यूवा महिला नेतृत्व शिखर सम्मेलन विराटनगरमा

विराटनगर । यूवा महिलाहरुको नेतृत्व विकासका लागि तीन दिने युवा महिला नेतृत्व शिखर सम्मेलन शुरु भएको छ ।

कल्प इम्पावर वुमेन नेपालको आयोजना, विराटनगर महानगरपालिका लगायत अन्य ४६ वटा पालिकाको समन्वयमा सम्मेलन शुक्रवार शुरु भएको छ ।

सो सम्मेलनमा संबिधान सभा सदस्य डाक्टर बिन्दा पाण्डेले मुलुक निराशाजनक अवस्थाबाट गुज्रिरहेकाले युवाहरुले नै निराशाको अवस्थालाई चिर्नसक्ने वताउँदै महिलाहरु सशक्त भएर अघि आउनुपर्ने धारणा व्यक्त गरेका थिए ।

एमाले नेता विनोद ढकालले युवाहरुले राजनितिक परिवर्तनलाई संरक्षित गर्दै अघि बढनुपर्ने वताए । त्यसैगरी पहिलो महिला मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले ब्यवस्था परिवर्तन भएपनि पितृसत्तात्मक सोंच र सामन्ति सोंच अझपनि समाजमा बांकी रहेको बताए ।

उहाँले भने अबको राजनिती युवाहरुलाई हस्तान्तरण गर्नुपर्ने बिचार समेत ब्यक्त गरेका थिए । शाक्यले देशमा सुशासन कायम गर्न, भ्रष्टाचार अन्त तथा हिसा शोषण अन्त गर्ने लक्ष्यसहित युवा महिलाहरु अघि बढनुपर्ने धारणा राखेका थिए ।

वांकी अन्तिम पेजमा...

## कोशी प्रदेश, बजेटको अवस्था हेर्दा निराशाजनक

विराटनगर । चालू आर्थिक वर्षको सुरुवातदेखि नै सरकार गठन र विघटनमा राजनीतिक दल लाग्दा त्यसको असर बजेट कार्यान्वयनमा देखिएको छ । पहिलो चौमासिक ( कार्तिकसम्म) को बजेट कार्यान्वयनको अवस्था हेर्दा निराशाजनक देखिएको हो ।

कोशी प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्यांक अनुसार पहिलो चौमासिकमा कोशी प्रदेश संचित कोषमा ७ अर्ब ४४ करोड ४६ लाख २९ हजार ३१८ रुपैयाँ जम्मा भएको छ । यो बजेटको २०.५४ प्रतिशत हो । जम्मा खर्च भने प्रदेश सरकारले हालसम्ममा ४ अर्ब ९५ करोड ३७ लाख १४ हजार २५९ रुपैयाँ अर्थात् १३.६६ प्रतिशत गरेको छ । प्रदेशको संचित कोषमा बाँकी २ अर्ब ४९ करोड ९ लाख १५ हजार ५९ रुपैयाँ रहेको छ ।

प्रदेश सरकारले अध्यादेशबाट ल्याएको बजेट ३६ अर्ब २४ करोड ३५ लाख १० हजार रुपैयाँ थियो । जुन बजेटमा पूँजीगततर्फ १८ अर्ब २३ करोड ४२ लाख ५२ हजार तथा चालूतर्फ १७ अर्ब ९९ करोड ९२ लाख ५८ हजार रुपैयाँ र वित्तीय व्यवस्थातर्फ १ करोड राखेको छ । जसमध्ये प्रदेश सरकारले पहिलो चौमासिकमा चालूतर्फ ३ अर्ब ५७ करोड ८२ लाख १३ हजार २९४ रुपयाँ अर्थात् १९.८७ प्रतिशत खर्च गरिसकेको छ । पूँजीगत तर्फ भने हाल सम्ममा १ अर्ब ३७ करोड ५५ लाख ९६५ रुपैयाँ अर्थात् ७.५४ प्रतिशत मात्रै खर्च गरेको छ ।

पुँजीगततर्फ प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले सबैभन्दा बढी ८८ करोड ३० लाख १२ हजार ९६६ रुपैयाँ खर्च गरेको छ भने खानेपानी, सिंचाइ तथा उर्जा मन्त्रालयले ४० करोड ७३ लाख ९४ हजार ५६० रुपैयाँ खर्च गरेको छ । यस्तै पर्यटन, वन तथा वातावरण मन्त्रालयले ३ करोड ८७ लाख ५ हजार ९८४ रुपैयाँ खर्च गरेको छ भने स्वास्थ्य मन्त्रालयले ५८ लाख रुपैयाँ पूँजीगत खर्च गरेको छ ।

तत्कालीन मुख्यमन्त्री हिक्मतकुमार कार्कीले चालू आर्थिक वर्षका लागि पहिलो पटक अध्यादेशबाट जेठ ३२ गते बजेट ल्याएका हुन् । उक्त बजेट असार १४ गते बसेको प्रदेशसभा बैठकमा टेबल भएको थियो । तर, असार १५ गते नै कार्की नेतृत्वको सरकार ढलेपछि उक्त अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक ल्याउनै सकस भएको थियो ।

बजेटको समयावधि भदौ १० गतेसम्म मात्रै थियो । उक्त समयसम्ममा बजेट अध्यादेशलाई प्रतिस्थापन गर्नुपर्ने सरकारको दायित्व थियो । तर, असार २१ गते सभामुख बाबुराम गौतमको समेत समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका उद्धव थापालाई सर्वोच्च अदालतको आदेशले साउन ११ गते पदमुक्त गरेको थियो । त्यसबीचमा प्रतिस्थापन विधेयक ल्याउने थापा नेतृत्वको सरकारले पनि सकेन । पुनः साउन १७ गते मुख्यमन्त्रीमा नियुक्त भएका थापाले विश्वासको मत लिने समय भदौ १३ गतेसम्म कायम थियो । तर, उनले त्यसअगाडि नै भदौ ४ गते विवादास्पद ढंगले विश्वासको मत लिए । विश्वासको मत लिने यो प्रक्रियालाई सर्वोच्चको भदौ ७ गतेको अन्तरिम आदेशले पुनः असंवैधानिक भन्यो र थापा नेतृत्वको सरकारलाई काम चलाउमा परिणत गरिदिएको थियो ।

काम चलाउ सरकारले समयमै प्रतिस्थापन विधेयक मार्फत बजेट ल्याउन सकेन । त्यसैकारण झण्डै दुईहप्ता लामो बजेट शून्यता प्रदेशले खेप्यो । भदौ २१ गतेको सर्वोच्चको आदेशबाट मुख्यमन्त्री थापा पुनः पदमुक्त भएपछि फेरि हिक्मतकुमार कार्की नै मुख्यमन्त्री बनेका थिए । उनै मुख्यमन्त्री कार्कीले बजेट शून्यतालाई चिर्न

वांकी अन्तिम पेजमा...

## गाउँबेनी कृषि फर्म संचालनमा

विराटनगर । मोरंगको कटहरी गाउँपालिका वडा नं. ३ स्थित पर्यटन तथा गाउँबेनी कृषि फार्मको कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले समुद्घाटन गरका छन् ।

वराटनगरका ७ जना कानुन व्यवसायीहरुको लगानीमा पर्यटन तथा गाउँबेनी कृषि फार्म सञ्चालनमा ल्याएको फर्मका सञ्चालक भरत थापाले जानकारी गराएका थिए । कृषि फार्म भित्रै नेपालको हरेक जात जातिको पहिचान झल्किने गरी जातीय घरको निर्माण गरिने तयारी पनि भई रहेको वहांको भनाई थियो ।

संयुक्त रुपमा ७ बिघा जग्गा

वांकी अन्तिम पेजमा...

## महिला हिंसा विरुद्धको दिवस सेतो रिवन बाधेर शुभारम्भ

विराटनगर । २५ नोभेम्बर अर्थात महिला हिंसा विरुद्धको अन्तराष्ट्रिय दिवसको अवसरमा विराटनवर महानगरपालकाले सेतो रिवन बाँधेर १६ दिने कार्यक्रमको सुभारम्भ गरेको छ ।

महानगरले आयोजना गरेको कार्यक्रममा उपप्रमुख शिल्पा निराल कार्कीले महानगरका प्रमुख नागेश कोइरालालाई सेतो रिवन बाँधेर १६ दिने कार्यक्रमको सुभारम्भ गरेको हो ।

महिला हिंसा विरुद्धको कार्यक्रमको उद्घाट्न गर्नुहुँदै प्रमुख कोइरलाले महिला हिंसा विरुद्धको कार्य एवं सचेतना जगाउन नगर क्षेत्रका सवै संघसस्थालाई आग्रह गर्दै सवै मिलेर यो कार्यमा लाग्यौं भने महिला हिंसा विरुद्धको १६ दिने कार्यक्रम सफल हुने वताउनु भयो ।

महिला हिंसा विरुद्धको अभियानमा महानगरपालिका जहिले पनि अग्र भागमा रहेर सहयोग गर्ने उहाँले प्रतिवद्धता जनाएका थिए । लैङ्गिक हिंसा विरुद्धको अन्त्यको सुनिश्चितता

वांकी अन्तिम पेजमा...

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.नं. ०४/०७७/०७८

## यूवा...

विराटनगरको बिष्णुमाया पुस्तकालयमा शुरु भएको महिला शिखर सम्मेलनमा कोशी प्रदेशका १४ जिल्लाका ७० जना युवा महिलाहरुको सहभागिता रहेको संयोजक रेनुका ढकालले जानकारी जानकारी गराएका थिए ।

सहभागि युवालाई अर्थतन्त्र र उद्यमशिलता, नीति र राजनीति तथा समाज र सशक्तीकरण गरि ६ वटा विधामा बिषय विज्ञहरुले प्रशिक्षण दिने कल्प इम्पावर वुमेन नेपालकी अध्यक्ष पुजा कोईरालाले जानकारी जानकारी गराएका थिए ।

कार्यक्रममा प्रदेश सभा सदस्यहरु सहित कोशी प्रदेशका विभिन्न पालिकाका प्रमुख र उपप्रमुखहरुको सहभागी रह्का थिए ।

## गाउँबेनी...

खरीद गरेर पर्यटन कृषि फार्मको नाममा रहेको छ । १ बिघा जग्गा लिजमा लिएको सञ्चालक थापाले वताए । अन्य ६ जना कानून व्यवसायीमा पुनम गुप्ता, डिल्ली बहादुर कार्की, हेमराज पन्त, उपेन्द्र केशरी, ओमप्रकाश रौनियार र रोशन गुप्ता रहेका छन् ।

पर्यटन कृषि फार्ममा माछा, कुखुरा, खसी पालन, अगार्निक तरकारी खेती, फलफूल खेती गरिने छ । उक्त फर्ममा १२ करोड भन्दा बढि रुपैयाँको लगानी रहेको छ ।

## कोशी...

भन्दै भदौ २४ गते बजेट सम्बन्धी अध्यादेश जारी गरेका थिए । सो अध्यादेश जेठ ३२ गते ल्याएकै अध्यादेश थियो । हाल सोही अध्यादेशबाट आएको बजेट कार्यान्वयनमा छ । उक्त अध्यादेश असोज १७ गते बसेको प्रदेशसभा बैठकमा पेश भएको थियो । संवैधानिक व्यवस्था अनुसार मंसिर १६ गतेसम्ममा अध्यादेशबाट आएको बजेट प्रतिस्थापन गरिसक्नुपर्ने छ ।

## महिला...

: महिला बालबालिकाहरुमा लगानीको एक्यबद्धताको राष्ट्रिय नारा लगाउँदै १६ दिन सम्म सेतो रिवन बाँधेर महिला हिंसा विरुद्धको अन्तराष्ट्रिय दिवस मनाउन कार्यक्रमकी अध्यक्ष उपप्रमुख कार्कीले सवैमा आग्रह गरेका थिए ।

कार्यक्रममा महानगरका वडाअध्यक्ष, वडासदस्य, बाल बालिका सुरक्षाकर्मी, समाजसेवी र कानून व्यवसायी हरुको सहभागिता रहेको थियो ।


## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**


# पचास हजारबाट शुरु गरिएको फर्निचर व्यवसायमा अहिले लाखौको कारोवार १५ यूवालाई रोजगार

पदम कुमार सरदार

विराटनगर । गरे के हुँदैन भन्ने भनाईलाई सार्थक पार्ने जीवनको हरेक दुःखको सामना गर्दै बुढीगंगा गाउँपालिका वडा नं. ३ की फुलकुमारी शर्मा अहिले लाखौंको लगानीमा फर्निचर उद्योग सञ्चालन गरेको छ ।

सो उद्योगमा आफु मात्र रोजगारी पाएका छैनन् । उहाँले १५ जना यूवाहरुलाई समेत रोजगारी दिएको छ । स्वदेशमै केहि गरौं भन्ने उदेश्य बोकर संचालनमा ल्याएको फर्निचरमा अहिले सम्म सरकारले कुनै पनि सहयोग गरेका छैन ।

नेपाली समाजमा उदाहरण का पात्र हुन् फुलकुमारी । फुलकुमारीको फर्निचर उद्योगमा गरेको मेहनतले जो कोहीलाई प्रेरणा मिल्छ, । फुलकुमारीले ५ बर्ष अगाडी ५० हजार रुपैयाँबाट शुरु गरेको फर्निचर उद्योग अहिले लाखौंको कारोवार गरी रहको छ । सरकारले लगानी गरिदिएको भए अझ बढी मजदुरलाई रोजगारी प्रदान गर्न सकिने धारणा शर्माको छ । अहिले फुलकुमारीको घर परिवार सम्पन्न भएको छ । उहाँले छोरालाई डाक्टर अध्ययन गराई राख्नु भएको छ भने छोरीलाई नर्सको अध्ययन सकि सकेको शर्माले वताए ।

शर्माले जीवन विकास लघुवित्त वित्तिय संस्थाबाट सुरुमा ५० हजार रुपैयाँ ऋण लिएर उद्योग सञ्चालन गरेको थियो । श्रीमतिले गरेको मेहनत देखेर फुल कुमारीको श्रीमान् संजय ठाकुर पनि फर्निचर उद्योगमै काम गरी जिविकोपार्जन गर्दै आई रहको छ ।

उद्योगमा उत्पादन गरेको झ्याल, ढोक, टेबुल, पलगं लगायत फर्निचरका विभिन्न सामग्री विराटनगर लगायतको बजारमा विक्री भईरहेको छ । संजय फर्निचरले झ्याल, ढोक, टेबुल, पलगंल गायत फर्निचरका सामग्री उत्पादन गर्छन् । थौरे लगानीबाट सुरु गरेको उद्योगले १५ जना परिवारको जीविकोपार्जन गर्नका लागि मुख्य स्रोत बनेको छ । फर्निचर उद्योगमा करिब १० वर्षदेखि काम गर्दै जिविकोपार्ज गर्दै आईरहेको मजदुर सत्रुधन ठाकुरको भनाईछ ।

फर्निचरका सञ्चालकले समयमा सेवा सुविधा सहित जस्तो सुकै परिस्थतिमा काम गर्न अवसर दिएको प्रति उहाँले खुशी व्यक्त गरेका छन् । यता सरकारले अहिले सम्म मजदुरहरुका लागि जिविको पार्जन गर्न कुनै पनि योजना लिएका छैनन् । संजय फर्निचर उद्योग, फुलकुमारी र उनका श्रीमान सन्जय ठाकुर त प्रतिनिधि पात्र मात्र हुन, । उहाँहरु जस्तो अन्य उद्योगीहरु पनि एकल प्रयासले अगाडी बढीरहेको धेरै उदाहरणहरु छन् ।

सरकारले यस्ता स-साना उद्योगीहरुमा लगानी गर्नु पर्नेमा सो तर सरकारले ठूलठूला उद्योगलाई मात्र लगानी गरेकोमा साना लगानीमा संचालित उद्योगहरुका मारमा परेको भन्दै सरकारले साना लगानी भएको उद्योगमा सरकारले लगानी गर्नु पर्ने शर्माको भनाई छ ।


## महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं

- महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँकहीँ हुन सक्दछ ।
- हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पिडक प्रोत्साहित हुन सक्छ र थप घटना हुन सक्दछन् ।
- पिडकलाई समयमा नै कानूनी दायरामा ल्याउन सके महिला हिंसाका घटनामा कमी आउन सक्छ ।
- त्यसैले नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी भनी कुनै पनि पिडकलाई उम्कन नदिऔं ।

पिडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं ।

**नेपाल सरकार, विज्ञापन बोर्ड**



यो धुम्रपानको आदत सजिलो तरीकाले कहाँ छुट छ,
पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ ।

बेटाबेटी मे भेदभाव नै करू, दोनोके स्कूल भेजु ।

## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातत‌ै फोहोरमैला नफालौं ।

## पूर्वाधार विकास कार्यालय विराटनगर, मोरंग

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।


परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# कोशीको सुरक्षा रणनीति सफल

कोशी प्रदेश तथा विराटनगर महानगरपालिका लागायत अन्य शहरहरुमा चाडवाडको वेला गरीएको सुरक्षा व्यवस्था रणनीति सफल भएको छ । विगतका वर्षहरुमा ठूला चाडवाडको वेला भई रहेको अपराधको तुलनामा यसवर्षको चाडवाडको वेला अपराधिक गति विधी न्यून रुपमा भएको छ । विगतका वर्षमा चाडवाडको समयलाई छोपेर जघन्य किसिमको अपराधहरु भएको थियो । यस वर्ष कडा सुरक्षा व्यवस्थाका कारण कोशी प्रदेशमा जघन्य अपराध नभएकोले यसलाई प्रहरीले सुरक्षा व्यवस्था सफल भएको रुपमा लिएको छ । विगतका वर्षहरुमा दशै तिहार र छठ जस्तो ठूलो चाडमा स परिवार समाई रहेको वेला घरमा चोरी हुने, लुटपाट, डकैत हुने गरकोका थिए ।

चाडवाडको वेला नेपाल प्रहरीसँगै विराटनगर लगायतका साना ठूला शहरमा सुरक्षाका लाग सशस्त्र प्रहरी परि चालनमा ल्याएका थिए । प्रदेश प्रहरी कार्याले असोज २८ गते देखि मंसिर ४ गते सम्मका लागि विशेष सुरक्षा योजना बनाएर कोशी प्रदेशको १४ वटै जिल्लामा लागु गरेका थिए । विगतका वर्षहरुमा भएको जघन्य घटना नहुनुमा व्यक्तिमा परिवर्तन भइ चेतना वृद्धि र सुरक्षा व्यवस्था मजबुतलाई मानिएको छ । यसपालि चाडवाडको वेला फरक खालको सुरक्षा योजना वनाएका थिए । जस अन्तर्गत अपराधिक घटनामा संलग्नलाई निगरानीमा र जेलवाट छुटेका व्यक्तिलाई रेखदेख गर्न सादा पोशाकका सरक्षा कर्मी परिचाल गरेका थिए ।

सुरक्षा व्यवस्था चाडवाडको वेला मात्र नभएर हरेक समयमा यस्तै सुरक्षा दिनुपर्छ । ती सुरक्षा लिने व्यक्तिहरु पनि सचेत हुन जरुरी छ । यदि हामी आमजनता सुचेत छैनौ भने सुरक्षा व्यवस्था समेत काम लाग्दैन । त्यसैले सुर क्षा व्यवस्था मजबुत वनाउन र असुरक्षावाट बच्न हामी सचेत हुन आश्यक छ। त्यसैले सुरक्षा व्यवस्था चाडवाडको वेला मात्र नभई सधैकोलागि सुरक्षा व्यवस्था मजबुत वनाई देशमा शान्ति सुरक्षा कामय गर्न नेपाल प्रहरी लगायत अन्य सुरक्षा निकाय दत्तचित भएर लाग्न जरुरी छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वद्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लीगि मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

# राजनीतिमा चाटुकार, चटके र ठगको जरो

सुशीला कार्की

जाजरकोट-रुकुममा हालसालै ६.४ रेक्टर स्केलको भूकम्प जाँदा सरकारी आँकडाअनुसार १५३ जनाले ज्यान गुमाएका छन् । त्यति नै ठूलो संख्यामा घाइते छन् । कैयौं घर बस्नै नहुनेगरी क्षतिग्रस्त भए । उच्च पहाडी क्षेत्र त्यसै त विकासका बाटोघाटोसहितका पूर्वाधारको कमी त थियो नै साथै बहुमत गरिबले बसोवास गर्ने अविकसित क्षेत्र हो यो ।

एक त, आय आर्जनका स्रोत नहुनु खनि त्यसमाथि त्यति ठूलो भूकम्पका कारण क्षति पुग्दा त्यहाँ बसोबास गर्ने नागरिकमाथि आर्थिकरूपमा नकारात्मक प्रभाव पर्नु स्वाभाविक हो ।

जाजरकोटको जनसंख्या सन् २०२१ को जनगणनाअनुसार १,८९,३६५ देखिएको छ । आधाभन्दा बढी जनताको संख्या यसै पनि गरिबीमा बाँचेका छन् । रातिको समयमा ढुङ्गामाटोका घर भत्किँदा अधिक संख्यामा हताहत हुनु स्वाभाविकै हो ।

कर्णाली भेगको जाजरकोट जिल्लाजस्तो विकट क्षेत्र र त्यस आसपासमा त्यसरी भूकम्प जाँदा तत्काल सहयोग पुरयाउन निश्चय नै कठिन छ । त्यसभन्दा पनि विचारणीय कुरा के छ भने आजभोलि हामी नेपालीहरूबीच यसै पनि संवेदना नै हराएजस्तो देखिन्छ ।

त्यसमाथि, विशेषतः सत्तासीनहरूका मानसिकता, सोच, अवधारणाजस्ता सबाल त झन् विचारणीय छन् । जाजरकोटका नागरिक भूकम्पले गर्दा यतिखेर आहत भएका छन् । सत्ताधारी नेताका व्यवहार हेर्दा भने हेलिकप्टर चढेर जाजरकोटमा वनभोज खान गएजस्तो प्रतीत हुन्छ ।

उच्चपदाधिकारीहरूले भूकम्प पीडितले बल्लतल्ल जोडेर ओत लागेको पाल उडाउने गरी हेलिकप्टर चढ्दैमा तिनलाई राहत मिल्ने त होइन । बरु उच्चपदस्थ हरूको त्यो यात्रा खर्च जोडेर जाजरकोटमा सहयोग स्वरूप रकम पठाएको भए उचित हुनेथियो होला ।

काठमाडौंमा २०७२ सालमा भूकम्प जाँदा वास्तविक भूकम्पपीडित रोए, कराए, उफ्रिए, सरकारविरुद्ध नारा जुलुस लगाए पनि । तथापि पहुँच हुनेहरुले दोहोरो तेहोरो राहत पाए । नपाउनेले सुको पनि पाएनन्

एकथरिले राहत जति पटक प्राप्त गरे पनि पाउँदै नपाएको भनी निरन्तर गुनासोमात्र पोखिरहे । त्यस्ता वर्गले एउटा पाल पाउनुको सट्टा दस थान पाउँदा पनि अघाएनन् । पाल क्रेता सरकारी अधिकारीले पाललगायतका सामान खरीदमा त्यति नै धेरै कमिसन खाए ।

विदेशबाट भूकम्प पीडितहरूलाई सहायतास्वरूप परोपकार र दानमा आएको खाद्यान्न सामग्रीहरू गोदाम हरूमा सडिरह्यो । सहयोगमा आएको पाल र गतिला कम्बल या त व्यापारीको गोदाममा पुग्यो नभए पहुँच पुग्नेले नै उपयोग गरे ।

वास्तविक पीडित कैयौं दिनसम्म पानीमा रुझे । चिसोमा कठाङ्गिए । छाकछाकै भोकभोकै बसे । त्यस भूकम्पमा धेरैले घरवार, पशुपंछी, गरी खाने मेलोमेसो र आफन्त गुमाए । वास्तविकरूपमा राज्यबाट जसले केही सहयोग पाउनै पर्ने थियो तिनले पाएनन् ।

'बोल्नेको पीठो बिक्ने नबोल्नेको चामल पनि नबिक्ने' भनेजस्तै सबै कुरा राजनीतिसँग जोडिएको छ । हिजोआज राजनीतिमा चाटुकार, चटके र ठगहरूले मात्र दरो जरा गाड्न सक्छन् । तसर्थ, २०७२ सालको भूकम्पले मुलुकमा आर्थिक मन्दी ल्यायो । धेरै बालबालिका, चेलीबेटी र युवा सदाका लागि विदेशिए । धेरैका बचेखुचेका घरबार बिकेर र टाट पल्टिन पुगे ।

हाम्रो मुलुक भूकम्पको जोखिम क्षेत्रभित्र पर्छ । मुलुकको कुनै न कुनै भूभाग दिनहुँ सानोतिनो भूकम्पले हल्लाइरहेको नै हुन्छ । तापनि हामीले अझै चेतेका छैनौ ।

काठमाडौंमा भूकम्प आएको करिब नौ वर्ष जति भयो तर स्थानीयवासीले त्यो प्रलयकारी भूकम्प र त्यसले करिब नौ हजार मानिसको ज्यान लिएको र त्यसले ठूलो विनास गरेको बिर्सेर गगनचुम्वी महल खडा गरिरहेका छन् । त्यो विलासी महल सान र हैसियत बढाउने उद्देश्यले बनाएको भए पनि भोलीका दिनमा आफ्नै चिहान बन्न सक्ने तथ्यलाई हामीले चटक्क बिर्सेका छौं । सरकारले पनि त्यो जोखिमका विषयमा सचेत कहिल्यै गराएन ।

वास्तवमा अबका दिनमा हाम्रो राष्ट्रिय बजेट नै भैपरी आउने विपद् व्यवस्थापनमा विशेषतः भूकम्प लक्षित हुन जरुरी छ । हामीले परिकल्पना गरेको भविष्यको आर्थिक विकास भूकम्पलाई हेक्का राख्दै सोही विषयमा केन्द्रित बनाउनुपर्ने हुन्छ ।

विसं २०७२ सालको भूकम्प जाँदा काठमाडौंमा जुन लथालिङ्ग देखिएको थियो त्यही कुरा नौ वर्षपछि जाजरकोट-रुकुममा पनि दोहोरिएको छ ।

समयमै पीडितहरूको ओत लाग्ने स्थान नबन्नु, न्याना कपडा र खाद्यान्नको जोहो नहुनु, दान र परोपकारको निमित्त अन्य दाताले दिएको सामग्री वितरणमा पनि विभिन्न दलका नेता र कार्यकर्ताबीच खोसाखोस, तानातान हुनु अनि वितरण गरिने सामग्रीको ट्रक नै अपहरण हुनु आदि विकृति देखिएका छन् ।

त्यस्तै, विशेष प्रकृतिका दामी सामान चोरेर बेचिनु वा ठूलाठालुले हड्प्नु अथवा पहुँच पुग्ने राजनीतिक नेताले आआफ्ना दल समर्थक कार्यकर्ता र मतदातालाई मात्र वितरण गर्नु आदि देखिएका छन् । अर्कोतर्फ, सत्ता बाहिरका दलका नेताद्वारा परोपकार वा दान स्वरूप आएका खाद्य वस्तु गोदाममा नसडोस् भनी बारम्बार चेतावनीसमेत दिइरहेका छन् ।

आश्चर्यको कुरा के छ भने भूकम्पपीडितका निम्ति अन्य मुलुकवाट वा मुलुकभित्रका दाताले दिएको परोपकार र दानको सामान वितरणसम्ममा पनि भोटको राजनीति गरिँदैछ ।

हुनेखाने, धनीमानी, पहुँचवालाहरू पहिलापहिला दान दिन्थे । यतिखेर भूकम्पमा प्राप्त दानसमेत हरण गर्छन्, शक्तिसम्पन्न वर्ग । 'दान' भन्ने शब्द संस्कृत भाषाबाट आएको हो । हिन्दूहरूले पुण्य कमाउनैका लागि दान गर्ने गर्छन् । जोगी सन्यासीलाई मुठी वा भिक्षा दान गरिन्छ । ब्राम्हण वा अन्य गरिबलाई दक्षिणा दान गरिन्छ ।

हिन्दू संस्कारमा गृह दान, अन्न दान, जग्गा दानका अतिरिक्त कुलो, पिउने पानीका निम्ति धारा, कुवा, बाटो, पाटी, पौवा पाठशालाको निर्माण गर्ने र विद्या दान गर्नेजस्ता कुरा पनि पर्छन् ।

यतिखेर सत्ता गठबन्धन मध्येका पहुँच पुग्ने दलका नेता र कार्यकर्ता आफूलाई मतदान गर्ने क्षेत्र र आफ्ना मतदाताले मात्र सुविधा पाउन् अन्य दलका मतदाता खाल्टैमा पुगुन् भन्ने पक्षमा देखिएका छन् । कसैले तिनलाई केही राहत वितरण गरेको अवस्थामा वितरकहरूसँग सत्ताधारीले पौंठेजोरी खेलेकोसम्म देखिन आयो ।

पहिलेपहिले कतिपय अवस्थामा बिरामीको उपचार र शत्रुबाट सुरक्षा गरी अकाल मृत्युबाट जोगाउन अभय दान गरिन्थ्यो । यी सब कुरा एउटा धनीमानी वा परोपकारी मानिसले कतिपय अवस्थामा दयामाया र परोपकारको निम्ति वा धर्म प्राप्तिका निम्ति सेवा गर्ने गरेका हुन्छन् ।

जैनहरूमा आहारा दान, औषधि दान, ज्ञानको दान, अभय दान गरी चार प्रकारका दान हुन्छन् । सिखहरूको आर्जनको निश्चित हिस्सा परोपकार निम्ति दान गर्ने र निःस्वार्थ विनापैसा विपत्तिमा परेकालाई खाना खुवाउने प्रचलन पनि दानकै स्वरूप हो । इसाईहरूको दानमै संसारमा कतिपय स्कुल कलेज, अस्पतालहरु निःशुल्क चलेका छन् ।

असी प्रतिशत हिन्दू रहेको देश नेपालमा प्रशस्त मात्रामा पुण्यका निम्ति गुठीको नाममा घर जग्गा दान गरेको देखिन्छ । मन्दिर र मठहरू धेरैभन्दा धेरै बनाइएका छन् ।

ती मन्दिर र मठको सञ्चालन निम्ति जग्गा जमिन दर्ता गरी त्यसैको आयस्ताबाट पूजाआजा

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरुवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारूणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# जुत्तामा आचार्य लेखेकोमा आचार्य समाजद्धारा आपत्ती जनाउँदै प्रहरीमा उजुरी

काठमाडौं । जुत्तामा आचार्य नाम उल्लेख गरी जुत्ता उत्पादन गर्ने कम्पनीका बिरुद्धमा आचार्य बन्धु समाज नेपाल केन्द्रीय समितिले आपत्ती जनाउँदै प्रहरीमा उजुरी दिने निर्णय गरेको छ ।

आचार्य समाजको काठमाडौंमा बसेको बैठकले उक्त जुत्ता कम्पनीविरुद्धमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोमा कारबाहीका लागि निवेदन दिने निर्णय गरेको हो । समाजका केन्द्रीय अध्यक्ष बाबुराम आचार्यले सामाजिक सञ्जालमा भाईरल हुनेगरी बुष्टसमेत गरेर प्रचार गरिएको जुत्ता कुन कम्पनीले उत्पादन गरेको हो वा प्रचार सामाग्रीमा आचार्यहरुको मानमर्दन हुनेगरी किन राखिएको हो भन्ने विषयमा पत्ता लगाएर कारबाहीको माग गरिने बताए ।




उनले भने जुत्तामा राखिएको आचार्यहरुको थर तत्काल हटाउन भूमिका खेल्न र थरकै अपमान हुनेगरी नाम राख्ने कम्पनीलाई माफी मगाई हदैसम्मको कारबाही गर्न माग पनि गरेको जानकारी दिए । यस्तै बैठकले कम्पनीलाई प्रहरीले कारबाही नगरे अन्य कानुनी प्रकृया अपनाउने निर्णय गरेको छ ।

यस्तै आचार्य समाजका अगुवाहरुले अदालतमा क्षतिपूर्ति माग दाबीसहित निवेदन दिनुपर्ने, अन्तर्राष्ट्रिय अदालतमा मुद्धा दिनुपर्ने लगायतका विषय उठाएका छन् ।

प्रहरीमा उजुरी दिनका लागि अधिवक्ता मुक्ति आचार्यलाई जिम्मा दिइएको आचार्य समाजले जनाएको छ । उक्त कम्पनीले टिसर्टमा पनि आचार्य नाम राखेको छ ।

# कानूनी तथा वित्तिय शुसाशन सम्वन्धी अन्तर क्रिया

विराटनगर । कटहरी गाउँपालका वडा नं. ३ मा भएको कानूनी तथा वित्तिय शुशासन सम्वन्धि अन्तर क्रियामा नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकास शर्माले अहिले लोकतान्त्रिक व्यवस्थाको विरोध गर्ने वेला नभएको वताएको छ ।

संविधान कार्यान्वयन सम्वन्धि स्थानिय तहमा कानूनी तथा वित्तिय सुशासन सम्वन्धि अन्तरक्रिया कार्यक्रममा वोल्दै उहाँले अहिलेको यो व्यवस्था उत्कृष्ट व्यवस्था भएको दावी गर्दै व्यवस्थाको विकल्प खोज्ने वेला अहिले नभएको भन्दै उहाँले सवै मिलेर देश र जनताको हितका लागि काम गर्नुपर्ने बताएका थिए । नेपाली जनताले यो व्यवस्थालाई विस्थापित गर्न नचाहेको भन्दै उहाँले व्यवस्थाको विरोध भन्दापनि जाजरकोटमा गएर भुकम्प पिडितहरुको घर टहरा वनाएर उनीहरुलाई राहत प्रदान गर्न सवै लाग्नुपर्ने जोड दिएको थियो ।

स्थानीय सरकारप्रति जनताको ठुलो भरोसा र विश्वास रहेकाले जनप्रतिनिधीहरुले जनतालाई केन्द्रमा राखेर काम गर्न आग्रह गरेका थिए । कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रिय सदस्य डा. डिला सङ्ग्रौला, भिम पराजुली, प्रजातन्त्रीक कानूनी व्यवसायी संघका केन्द्रिय अध्यक्ष सिताराम केसी, कांग्रेस मोरङका कार्यवाहक सभापति भक्तिनाथ माझी लगायतले स्थानीय तहले सुशासन कायम गर्नुपर्नेमा जोड दिएको थियो ।

# संखुवासभा लगायत प्रहरी ईकाईहरुको निरीक्षण

बिराटनगर । कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक राजेशनाथ बास्तोलाले जिल्ला प्रहरी कार्यालय संखुवासभा लगायत अन्तरगत रहेका प्रहरी ईकाइहरुको निरीक्षण भ्रमण गर्नु भएको छ ।

मंसिर १ गते देखि ४ गते सम्म भएको निरीक्षण भ्रमणको क्रममा वहाँले जिल्ला प्रहरी कार्यालय संखुवासभा, ईलाका प्रहरी कार्यालय चैनपुर, अस्थायी प्रहरी वेस फ्याक्सिन्दा दोभान र पुखुवा दोभानको निरीक्षण गर्नुका साथै कार्यरत प्रहरी अधिकृत तथा जवानहरुलाई आवश्यक निर्देशन समेत दिनु भएको थियो ।

वहाँले प्रहरी कर्मचारीहरु लाई दैनिक काम कारवाहीलाई चुस्त, दुरुस्त बनाई आ-आफ्नो जिम्मेवार एरिया ईलाकाहरुमा अपराध नियन्त्रण गरी शान्ति सुरक्षा कायम राख्न र लागु औषधको प्रयोग र ओसार पसार, चोरी तस्करीका घटनाहरुलाई नियन्त्रण गर्न कडाईका साथ चेक जाँचको ब्यवस्था मिलाउनका साथै सचेतनामुलक कार्यक्रम तिब्र रुपमा संचालन गरी चेतनामा अभिबृद्धी गराउन तथा सम्पुर्ण प्रहरी कर्मचारीहरुले बिभागिय निती निर्देशनलाई अक्षरस पालना गर्दै आफ्नो पदिय जिम्मेवारी अनुसार त्रुटि रहित ढंगले कार्य गर्न र कार्यालयको सुन्दरतामा बिशेष ध्यान दिन निर्देशन दिनु भएको थियो ।

निरीक्षण भ्रमणका क्रममा वहाँले अरुण तेस्रो जलबिधुत आयोजनाको अवलोकन समेत गर्नुका साथै जिल्ला स्थित रहेका सुरक्षा निकायका पदाधिकारीहरु तथा स्थानिय नागरिक समाज तथा बुद्धिजिविहरुसँग समग्र जिल्लाको शान्ति सुरक्षाको अवस्थाको बारेमा छलफल तथा अन्तरक्रिया गर्नु भएको थियो ।

जलबिधुत आयोजनाको अबलोकनको क्रममा सशस्त्र प्रहरी नायव महानिरीक्षक अन्जनी कुमार पोखरेल, अनुसन्धान निर्देशक किशोर कुमार श्रेष्ठ सहित जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरुको उपस्थिति रहेको थियो ।





## सार्वजनिक सूचना

आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिाधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं ।

ग्रामथान गाउँपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश




# आत्महत्याका जोखिम तथा खतराका १६ सूचक र रोकथामका १६ उपाय

चन्द्र देव ठाकुर

आत्महत्याको प्रमुख कारण मानसिक तथा मनोसामाजिक समस्या हो रु प्रत्येकको जीवन महत्वपूर्ण छरु तपाईं हाम्रो एउटा सानो प्रयासले आत्महत्या रोकथाममा ठूलो सहयोग पुऱ्याउन सक्छ ।

आत्महत्या भन्नाले के बुझिन्छ ?

आफ्नो इच्छाले जानीजानी आफैलाई मार्ने/ज्यान लिने कामलाई आत्महत्या भनिन्छ रु विश्वमा मृत्युको कारण मध्ये आत्महत्या पनि एक प्रमुख कारण हो ।

विश्वमा आत्महत्याको अवस्था

विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार विश्वमा प्रत्येक ४० सेकेन्डमा १ जनाले आत्महत्या गर्छन् भने प्रत्येक ३ सेकेन्डमा १ जनाले आत्महत्याको प्रयास गर्छन त्यसैगरी प्रत्येक १ दिनमा ३,००० जनाले र वर्षभरिमा करिब ८ लाख जनाले आत्महत्याका कारण ज्यान गुमाउनेगरेको तथ्यांक छ ।

नेपालमा आत्महत्याको अवस्था

नेपालमा पनि आत्महत्याको दर डरलाग्दो नै छ रु नेपालमा प्रत्येक महिना करिब एक दर्जन भन्दा बढी व्यक्तिले आत्महत्या गर्छन् जुन विश्वमा उच्च आत्महत्याको दर हो ।

मान्छेले आत्महत्या किन गर्छ ?

मान्छेले आत्महत्या गर्नुका मुख्य कारण मानसिक तथा मनोसामाजिक समस्या हो जुन समस्या अन्तर्गत पहिलो कारण डिप्रेसन (उदासिनता, निराशा) नै हो, मानसिक रोगले च्याप्दै गएपछि मान्छे आत्महत्या गर्ने अवस्थामा पुग्छ रु त्यपछि दोस्रो कारण आवेग हो भने अन्य कारण सिजोफ्रेनिया जस्ताकडा खालको मानसिक रोग हो ।

डिप्रेसन (उदासिनता/निराशा) जस्ता मानसिक रोगको सिकार मान्छे कसरी हुन्छ ?

मानिसको जीवनशैली जटिल बन्दै गईरहेको छ रु व्यापार ,व्यवसायमा हुने घाटा, पढाईमा हुने असफलता, आफन्त र परिवारमा कसैको मृत्यु, प्रेमी-प्रेमीका बीचसम्बन्ध बिछोड,ऋण तथा आर्थिक समस्या, बेरोजगारी समस्या, महिला हिंसा, यौन दुर्व्यवहार,पति -पत्नी बीचको सम्बन्ध बिग्रिदा, आफुले सोचेको काममा असफलता, लामो समयदेखि जाड रक्सी खादै आएका, लागू औषधि एवं नशालु पदार्थको सेवन, स्वास्थ्यमा समस्या (जस्तैः- एच.आई.भि.एड्स , क्यान्सर, खुट्टाको रोग लागेर थला परेका बिरामी), ईत्यादी कारणले तनाव भई उदासिनता रोग लागी सहि उपचार नपाई आत्महत्या गर्दछन ।

आत्महत्या गर्नेमा बढी महिला कि पुरुष ?

आत्महत्या गर्नेमा बढी पुरुष देखिन्छ किनकी महिलाको तुलनामा पुरुष बढी रक्सि खाने, व्यपार-व्यवसायमा पर्तिस्पर्धामा पनि पुरुष र कडा मानसिकरोग पनि हुने सम्भावना पनि पुरुषमा नै देखिने भएको र साथै महिलाले आफ्नो समस्या मिल्ने साथीलाई भन्ने गरेकोलेउदासिनता रोगबाट महिलामा कम भएको हुँदा महिला भन्दा पुरुष आत्महत्याको कारण ज्यान गुमाउनेको संख्या लगभग २/३ गुणाले बढी पाइएको छरु तर आत्महत्याको प्रयास पुरुषहरुको तुलनामामहिलाहरुमा २/३ गुणाले बढी भएको एक तथ्यांकले देखाएको छ ।

आत्महत्याको कुरा गर्ने व्यक्तिले साँच्चैमा आत्महत्या गर्दैनन् ?

कुनैपनि व्यक्तिले जति सुकै सहज तरिकाले वा मजाक मै आत्महत्याको कुरा अथवा मलाई मर्न मन लाग्छ भन्ने कुरा गर्यो भने त्यसले आत्महत्याको जोखिम जनाउदछ त्यसैले त्यस्ता सोच, विचार, व्यवहार र प्रयास भएका जुनसुकै व्यक्तिलाई गम्भीरतापूर्वक लिएर सहयोग गर्नुपर्दछ ।

के आत्महत्या सोच भएका व्यक्तिलाई केही गरेर रोक्न सकिन्छ ?

सकिन्छ, आत्महत्या गर्न सोच भएको व्यक्ति वास्तविकमा मर्न चाहेको हुदैनन् तर आफ्नो पिडा/दुःख कम गर्ने माध्यमहरु खोजिरहेका हुन्छन रु उनीहरु बिभिन्न तरिकाले सहयोगको अपेक्षा गरिरहेका हुन्छन् तर कतैबाट केही सहयोग नपाउदा म बाचेर के गर्नु ? मेरो जीवनको कुनै अर्थ छैन, मलाई सहयोग गर्ने कोहि छैन जस्ता नकारात्मक सोचहरु आउन थालेपछि आत्महत्या गर्न सोच आएर आत्महत्या गर्छन । यस्ता सोच भएका व्यक्तिलाई समयमैमनोचिकित्सक वा मनोपरामर्शकर्तासंग परामर्श लिएमा आत्महत्याबाट जोगिन्छ ।

आत्महत्याका जोखिम तथा खतराका सूचकहरू :-

१) आफन्तहरुको मृत्यु वा बिछोड हुनु ।
२) पहिला नै आत्महत्याको प्रयास गरेको ।
३) मानसिक तथा मनोसामाजिक स्वास्थ्य समस्याहरु भएको ।
४) सामाजिक रुपमा बहिस्करण ।
५) पारिवारिक सदस्यहरुको आत्महत्या वा प्रयास ।
६) यातना वा हिंसा ।
७) सहयोगी व्यक्तिहरुको कमी ।
८) दिर्घ रोगहरु ।
९) ब्यापार तथा परीक्षामा असफलता ।
१०) बेरोजगारी तथा आर्थिक समस्या ।
११) आत्महत्याका गर्ने बारे कुनै पनि कुरा गर्नु ।
१२) आत्महत्या गर्न मिल्ने साधनहरु खोज्नु वा जम्मा गर्नु ।
१३) सामाजिक भेलाबाट टाढिनु ।
१४) मृत्यु सम्बधि कथा , कविता सामाजिक संजालमा पोष्ट वा शेयर गर्नु ।
१५) निराशा बढ्दै जानु ।
१६) सामुहिक बलात्कार, इतयादि ।

आत्महत्या रोकथामका उपायहरु :-

१) मानसिक तथा मनोसामाजिक समस्या नै आत्महत्याको मूल कारण भएकोले समयमै पहिचान गरी मानसिक चिकित्सक वा मनोपरामर्शकर्तासंग परामर्श लिनुपर्छ ।
२) आत्महत्याका जोखिम बढी भएका व्यक्तिसंग मायालु व्यवहार गर्ने, उनीहरुको मनको कुरा सक्रियतापूर्वक सुन्ने र सहानुभूति प्रकट मात्र गरेमा आधि भन्दा बढि समस्याकम हुन्छ ।
३) सामाजिक कृयाकलापमा सहभागी हुन प्रेरित गर्ने ।
४) आत्महत्या गर्न मिल्ने साधनहरु टाढा राख्ने ।
५) आफुले केही सहयोग गर्नसक्ने बारे नाम्रतासाथ सोध्ने ।
६) एक सामान्य व्यक्तिले भन्दा एकचोटि आत्महत्याको प्रयास गरेका व्यक्तिमा भविष्यमा आत्महत्या गर्ने सम्भावना ३० देखि ४० गुणा बढि हुने भएकाले त्यस्ता व्यक्तिलाई बिशेष ध्यान दिनुपर्छ ।
७) तनाव व्यवथापनका उपायहरु सिकाउने ।
८) नियमित व्यायाम, योग तथा ध्यान गर्ने ।
९) आफुलाई कमजोर छु भन्ने कहिल्यै पनि नसोच्ने ।
१०) मन मिल्ने वा विश्वासिलो व्यक्तिसंग कुराकानी आदानप्रदान गर्ने
११) ब्यस्त जीवन भएकाले समय समयमा आराम गर्ने र रमाईलो वातावरण सिर्जना गरेर फ्रेस हुने ।
१२) आत्महत्याका सोच वा योजनाबारे रहेको वा नरहेकोबारे नहिच्किच्याई सोध्ने । यदि छ भने गम्भीरतापूर्वक लिई तत्काल उपचारको लागि प्रेषण गर्ने ।
१३) हरेक समस्याको समाधानका उपायहरु भएकोले समस्याका उपयुक्त समाधानको उपायहरु खोज्ने ।
१४)कुनै नजिकको व्यक्तिले खतराका सूचकहरूदेखाएमा बचाउसम्बन्धि योजना तयार राख्ने ।
१५) आत्महत्या रोकथाममा संचार माध्यमको महत्वपूर्ण भूमिका हुँदा मानसिक तथा मनोसामाजिक पक्षलाई वेवास्ता गरी सामाचार सम्प्रेषण गर्दा आत्महत्याको थप दुरुत्साहन गर्न सक्छ भने सही समाचारले आत्महत्याको जोखिममा भएको व्यक्तिको ज्यान जोगाउन सक्छ ।
१६) आत्महत्या गरेको व्यक्तिको, घटनाको फोटो, भिडियो वा त्यस्ता सामाग्रीहरु सामाजिक संजालमा नराख्नुहोस् ।
१७) आत्महत्या रोकथामका लागि अथवा कुनै पनि किसिमका तनाव भएमा निःशुल्क राष्ट्रिय हटलाईन २४ सै घण्टा उपलब्ध हुने ११६६ मा सम्पर्क गर्न सकिन्छरु (ज. स्वा. नि. (अधिकृत छैटौं) चन्द्र देव ठाकुर मण्डनदेउपुर नगर अस्पताल, काभ्रेपलाञ्चोकका संयोजक हुन ।

# ९१ वर्षकी काकीसँग विहे, यूवकको यस्तो माग

आमरुपमा बिहेका लागि उमेर सुहाउँदो जोडी खोजिन्छ । तर, दुनियाँमा उमेरमा आकाश पातलको अन्तर भएका विवाहित जोडी पनि छन् । यस्तै घटना अर्जेन्टिनामा भएको छ । त्यहाँ एकजना २३ वर्षीय युवकले ९१ वर्षकी वृद्धासँग बिहे गरेको घटना सार्वजनिक भएको छ ।

पेशाले वकिल रहेका मरिसिओले आफ्नी मृतक काकी योलान्डा टोरिसको पेन्सनमा दाबी गर्दै मुद्दा हालेका छन् ।

आफूले सन् २०१५ को फेब्रुअरीमा आफ्नी ९१ वर्षीया काकी योलान्डासँग बिहे गरेको उनको दाबी छ । योलान्डाको मृत्यु सन् २०१६ को अप्रिलमा भएको थियो । त्यसैले आफ्नी मृतक पत्नीको पेन्सनको हकदार भएको जिकिर उनले गरेका छन् ।

तर छानबिनका क्रममा मरिसियोका छिमेकीहरुले उनको बिहेको दाबी गलत भएको बताएपछि प्रशासनले उनको पेन्सनको दाबी खारेज गरिदिएको छ ।

अर्जेन्टिनाको उत्तर पश्चिमस्थित साल्टा सहरका बासिन्दा रहेका मरिसियो सन् २००९ मा आफ्ना बुवाआमाको डिभोर्स भएसँगै आमा, बहिनी, हजुरआमा र ठूली काकीसँगै बस्दै आएका थिए । सन् २०१६ मा उनकी काकी योलान्डाको मृत्यु भएपछि उनले काकीको पेन्सन पट्टा आफ्नो नाममा दर्ता गराउने कोसिस सुरु गरे । जसका लागि उनले काकीसँग आफ्नो एक वर्षअघि बिहे भएको झुटो दाबी प्रशासनमा पेस गरे ।

उनको दाबीमा शंका लागेपछि प्रशासनले छानबिन सुरु गऱ्यो र उनका छिमेकीलगायतसँग जानकारी लियो । जसमा छिमेकहीहरुले मरिसियो र योलान्डाबीच बिहे नभएको बताए । त्यसपछि प्रशासनले उनको दाबी खारेज गरिदियो ।

तर मरिसियो यत्तिमा रोकिनेवाला छैनन् । काकीसँग आफूले बिहे गरेको हुँदा आफ्नो नाममा पेन्सन सार्नका लागि सर्वोच्च अदालतसम्मै पुग्ने उनको भनाइ छ ।

स्थानीय एक पत्रिकासँग उनले भनेका छन्, 'योलान्डा मेरो जीवनमा निकै ठूलो सहारा थिइन् र मसँग बिहे गर्ने उनको अन्तिम इच्छा थियो । मैले योलान्डालाई हृदयदेखि नै प्रेम गर्थें । उनको मृत्युको पीडा मलाई जीवनभर हुनेछ ।'

पेन्सनका लागि आफूले सबै आवश्यक कागजात बुझाएको भए पनि प्रशासनले पेन्सन दिनमा समस्या खडा गरिरहेको उनको भनाइ छ ।

पत्नी दाबी गरेको काकीका बारेमा बताउँदै उनी भन्छन्, 'योलान्डाको उमेर भलै ९० वर्षभन्दा धेरै थियो तर उनको मन निकै जवान थियो । हाम्रो बिहेमा कुनै पनि कानूनी समस्या नहोस् भन्ने उनको चाहना थियो । योलान्डाले मेरो कानून विषयको पढाइ खर्चमा सहयोग गर्ने बताएपछि हामीले बिहे गर्ने निधो गरेका थियौं । जबकि बुवा आमा छुट्टिएपछि मैले पढाइ छाड्न चाहेको थिएँ ।'




## हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, कोशी प्रदेश



# प्रेस चौतारीले देउसी भैलोबाट संकलन गरेको रकमले अनाथ बालबालिकालाई सहयोग

धनकुटा । धनकुटाका पत्रकारहरूले तिहारको उपलक्ष्यमा खेलेको देउसी भैलोबाटसंकलन गरेको रकमले अनाथ बालबालिका हरूलाई शैक्षिक सामग्री प्रदान गरेका छन् । धनकुटाको श्रीपञ्चमी पार्कस्थित वाल पुनस्थापना केन्द्रमा आश्रित बालबालिकाहरूलाई शैक्षिक सामग्री प्रदान गरिएको हो ।

नेपाल पत्रकार महासंघका कोषाध्यक्षसमेत रहेका प्रेस चौतारीका अध्यक्ष रविन कटेलको अगुवाइमा जिल्लामा क्रियाशील पत्रकारहरूले चार दिन देउसी भैलो खेलेका थिए । सोही रकमबाट पुनस्थापना केन्द्रका १३ जना बालबालिकाहरूलाई शैक्षिक सामग्री प्रदान गरिएको देउसीभैलो कार्यक्रमका समन्वयकर्ता रमेशचन्द्र अधिकारीले जानकारी दिए ।

उनीहरूलाई कपी, कलम, पेन्सिल, इरेजर, ड्रोइङ पेपर लगायत शैक्षिक सामग्री प्रदान गरिएको हो ।



पत्रकार महासंघका केन्द्रिय सदस्य सरिता बराइली, पूर्व केन्द्रिय सदस्य गोपाल बराइली, महासंघका जिल्ला अध्यक्ष नगेन्द्र राई, सचिव हरीबहादुर लम्जेल, सल्लाहकारहरू सन्तवीर लामा, भेषराज कटेल, सोविस चेम्जोङ, सन्तोष रुचाल, पत्रकारहरू मानवी तामाङ, जानु तामाङ, सन्तोष सुवेदी, कुमार बस्नेत, विपिन दाहाल लगायतले सामग्री हस्तान्तरण गरेका छन् ।

पुनस्थापना केन्द्रमा आश्रित बालबालिकाहरूलाई पढाईमा केही सहयोग पुर्याउने उद्देश्यले देउसीभैलोको रकमबाट सहयोग प्रदान गरिएको देउसी टोलीका समन्वयकर्ता सन्तवीर लामाले जानकारी दिए । शैक्षिक सामग्री प्रदान गरेर बचेको पैसामा थप गरेर जिल्लामा क्रियाशील दुई दर्जन बढी पत्रकारहरू पाखीवासको जौटारमा बनभोज पनि गएका छन् ।

# लैङ्गिक हिंसा विरुद्ध धनकुटाले गर्यो प्रभातफेरी

धनकुटा । लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत आज बिहान धनकुटामा प्रभातफेरी गरिएको छ । स्थानीय सङ्घसंस्था हरूसँग समन्वय गरेर धनकुटा नगरपालिकाले प्रभातफेरी आयोजना गरेको हो ।

अन्तर पार्टी महिला सञ्जाल, महिला पुनस्थापना सेवा केन्द्र, हुसाडेक नेपाल, जिल्ला प्रहरी कार्यालय, पारालिगल समिति, हाम्रो बहुमुखी पाठशाला, वेष्ट नेपाल लगायत सङ्घसंस्थाहरूसँगको समन्वयमा टुँडिखेलबाट सुरु भएको प्रभातफेरीले बजार क्षेत्रको परिक्रमा गर्यो । तल्लोकोप्चे, बिहीवारे हटिया, माथ्लोकोप्चे, भीमनारायण चोक, विचबजार, हुलाकटोल हुँदै मदनचोकमा पुगेर प्रभातफेरी कोणसभामा परिणत भयो ।




प्रभातफेरिमा धनकुटा नगरपालिकाका कर्मचारी, महिला अधिकारकर्मी, सुरक्षाकर्मी, स्थानीयवासी लगायत सहभागि थिए । उनीहरूले 'घरबाटै सुरु गरौँ, महिला हिंसा अन्त्य गरौँ, सभ्य समाजको पहिचान: लैङ्गिक हिंसा विरुद्धको अभियान, बलात्कार हत्या हिंसा अन्त्य गरौँ, हिंसामुक्त सभ्य समाज निर्माण गरौँ' लगायत नारा लेखिएका प्लेकार्ड र ब्यानरसहित बजार परिक्रमा गरेका हुन् ।

प्रभातफेरी पश्चात आयोजित सभालाई सम्बोधन गर्दै धनकुटा नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नगेन्द्रमणि श्रेष्ठ, धनकुटा-७ का वडाध्यक्ष रोशेष श्रेष्ठ, नगरपालिकाकाको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका प्रमुख फुलमाया तामाङ र वेष्ट नेपालका अध्यक्ष संगीता चापागाईंले लैङ्गिक हिंसा अन्त्यका लागि सबै एकजुट हुनुपर्नेमा जोड दिए ।

शनिबारबाट सुरु भएको लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मंसिर २४ गतेसम्म सञ्चालन हुनेछ । अभियान अन्तर्गत धनकुटामा दीप प्रज्वलन, सडक नाटक, सचेतना कक्षा, अभिभुखिकरण कार्यक्रम लगायत गर्ने तयारी गरिएको छ ।

# तीन महिने सामाजिक उद्यमशीलता तालिम सम्पन्न

विराटनगर । महेन्द्र मोरङ आदर्श बहुमुखी क्यम्पस र नविल बैंकको सहकार्यमा नविल स्कुल फर सामाजिक उद्यमशीलता विषयक दोस्रो ब्याचको तीन महिने तालिम सम्पन्न भएको छ ।

उक्त तालिमले युवाहरुलाई विभिन्न उद्योग सञ्चालन गर्न प्रेरणा प्रदान गर्दे नविल स्कुल फर सामाजिक उद्यमशीलता विषयक तीन महिने तालिम सम्पन्न गरेको हो । तालिमका सहभागी युवाहरु स्वदेशमा नै केहि गर्नुपर्छ भने कतिपय युवाहरु युवाहरुलाई बैंकले स्कुल फर सामाजिक उद्यमशीलताको क्षेत्रमा अगाडी बढाउने उदेश्यले तीन महिने तालिम सञ्चालन गरेको कार्यक्रम संयोजक वेदप्रसाद संग्रौलाले वताए ।

विराटनगर महानगर पालिका की उपप्रमुख शिल्पा निराला कार्कीले दैनिक हजारौंको संख्यामा युवाहरु विदेश पलायन भइरहेको बेला उद्यमशीलता तालिम सराहनीय रहेको वताए ।

युवाहरुलाई हरेक क्षेत्रमा रोजगार मुलक तालिम संञ्चालन गर्न नविल बैंक र महेन्द्र मोरङ आदर्श बहुमुखी क्यम्पससंग सहकार्य गरेर माहानगर अगाडी बढने प्रतिवद्धता उपप्रमुख कार्कीले गरेका थिए । बैंकले ३ महिने युवाहरुका लागि सामाजिक उतरदायित्व अर्न्तगत उद्यमशीलता तालिम सञ्चालन गरेको नविल बैंक कोशी प्रदेशका प्रमुख दिपक कुमार श्रेष्ठले जानकारी गराएका थिए । युवाहरु बैंक र समाजको हितमा काम गर्न सफल युवाको रुपमा चिनाउन सकिने उहाँले दावि दावी गरेका थिए ।

कार्यक्रममा त्रिभुवन विश्व विद्यालयका प्राज्ञ डा.डिल्ली राम शर्मा, महेन्द्र मोरङ आदर्श बहुमुखी क्यम्पसका क्याम्पस प्रमुख डा.रामअपतार सरण लगायतले शुभकामना व्यक्त गरेकका थिए । तालिममा मोरङका २५ जना प्रक्षार्थीहरु सहभागीता थिए ।

महेन्द्र मोरङ आदर्श बहुमुखी क्यम्पस र नविल बैंकको सहकार्यमा फेरी नविल स्कुल फर सामाजिक उद्यमशीलता विषयक तेस्रो ब्याचको तीन महिने तालिम शुरु गरेको छ ।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

बुढीगंगा गाउँपालिका
मोरंग, कोशी प्रदेश


# राजनीतिमा...

संचालन गराउने गरिएको थियो । त्यतिमात्र होइन साहु महाजन, जिमिदार, जिम्मावाल र व्यापारीहरूले स्कुल कलेजको निम्ति प्रशस्त घरजग्गा दान गरेका उदाहरण पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म छन् ।

बरु आधुनिककालमा गुठी र स्कुल अनि मठमन्दिर तथा परोपकारी संघ संस्थाका महँगा जग्गा जमिन मिचिएका, च्यापिएका वा अवैधानिक तरिकाबाट बिक्री भएर गएका छन् ।

त्यसैले भनिन्छ, मानिसमा दयामाया र परोपकार नै हराएर गएको देखिन्छ । ठूलाठालु भनाउँदा उच्च ओहोदावालले नै शक्तिको आडमा नियम कानुन मिचेर परोपकारका निम्ति पुर्खाले दान गरेको सम्पत्तिमा आँखा लगाउनु अनि मनपरी गरी ती सार्वजनिक सम्पत्ति मास्नु दुःखको विषय हो ।

विपद् र संकटको समयमा राहत संकलनको कार्य एकद्वार प्रणालीबाट हुनु उचित हो । तर, वितरण हुँदा पक्षपात नभएको, भ्रष्टाचार र अनियमित नभएको, समानरूपमा जरुरतवालालाई वितरण भएको पुष्टि हुनुपर्छ ।

आफूलाई आफ्नो मतदान क्षेत्रमा बढी मतदाताले मतदान गरुन् भन्ने ध्येयले राहतका सामग्री तानातान गर्ने हो भने दान र परोपकारको मर्ममा प्रहार हुन्छ । कसैले केही उपकार गर्न चाहन्छ भने माथि भने झैँ गर्नु वा गर्न दिनु हुँदैन । जोसँग जे सीप छ उसले त्यसै सीपद्वारा सहयोग गर्न पनि सक्छ । अरूले पठाएको दान वा उपकारका सामान वितरण गर्दैमा उपकार गरेको मानिँदैन ।

एउटा राजनीतिकर्मीसँग उपकारका निम्ति दिने पैसा हुँदैन भन्ने ठान्दा पनि उसले अभय दान गर्न सक्छ, श्रम दान गर्न सक्छ, दान र परोपकारको कार्यलाई अनुगमन गर्नेजस्ता थुप्रै सहयोगका उपाय छन् ।

विपद्का समयमा पीडित जनतालाई राहत दिने दुई लक्ष्य हुन्छन् - अल्पकालीन र दीर्घकालीन । तत्कालै अवस्थामा पिडीतको सुरक्षा, खानपान, लत्ताकपडा, औषधिउपचार र ओत लाग्ने स्थानको व्यवस्था गर्नु अल्पकालीन हो । दीर्घकालीनमा घर निर्माण, आय आर्जनको उपाय, रोजगारी हुन सक्छन् ।

तत्कालीन योजनामा देशभित्र र बाहिर संकलन भएको जति पनि राहत छ त्यसलाई अनियमित नहुन नदिई समानरूपमा भेदभाव नहुने गरी इमानदारीपूर्वक वितरण भएमा उपयुक्त हुने थियो ।

दीर्घकालीनका हकमा अब नेपालको कुनै पनि पहाडी भूभागमा ठूला घर बनाउन जोखिमयुक्त हुने देखिँदा साना घर बनाउन जरुरी छ । स्थानीय स्रोतसाधन प्रयोग गरी बलियो र साना घर बनाउनुपर्छ ।

जम्मा पौने दुई लाख वासिन्दा भएको स्थानमा सबै जनता प्रभावित पनि भएका छैनन् र सबै घर भत्केका पनि छैनन् । त्यति संख्या र क्षेत्रलाई विपद् व्यवस्थापनका नियमअनुसार योजना बनाई व्यवस्थापन गर्ने हो भने सजिलै सम्पन्न हुनेछ ।

होइन, जाजरकोटमा आएको भूकम्पबाट कुनै समूह र व्यक्तिले पाउने लाभको हिसाबकिताब जोड्न थाल्ने हो भने त समस्या समाधान हुन असम्भव छ । १२खरीबाट


## खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु



- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिसौं ।

नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर